**आकाशवाणी**

**30 .01.2025**

**मुख्य समाचार**

- **संसदको बजेट अधिवेशन भोलिदेखि सुरु, आज सर्वदलीय बैठक सम्पन्न**
- **गृहमन्त्रीद्वारा गुजरातमा नयाँ आपराधिक कानुन कार्यान्वयनबारे समीक्षा बैठक**
- **नयाँ दिल्लीमा दुई दिने श्रम मन्त्री बैठक सम्पन्न, श्रमिक सुरक्षामा व्यापक सुधारको तयारी**
- **नयाँ दिल्ली विश्व पुस्तक मेला 2025 फेब्रुअरी 1 देखि सुरु हुँदै**
- **दिल्ली विधानसभा चुनाव प्रचार तीव्र, प्रमुख नेताहरू आ-आफ्ना उम्मेदवारको पक्षमा सभा र र्‍याली गर्दै**

**संसदको बजेट अधिवेशन भोलिदेखि सुरु, आज सर्वदलीय बैठक सम्पन्न**

संसदको बजेट अधिवेशन भोलिदेखि सुरु हुँदैछ। यसअघि आज संसद भवन परिसरमा सर्वदलीय बैठक सम्पन्न भएको छ। बैठकमा सरकारले अधिवेशनको सुचारु सञ्चालनका लागि सबै राजनीतिक दलसँग सहयोगको अपील गरेको छ। बैठकपछि सञ्चारमाध्यमसँग कुरा गर्दै संसदीय कार्यमन्त्री किरेन रिजिजुले राष्ट्रपति द्रौपदी मुर्मूले भोलि संसदका दुवै सदनलाई संयुक्त रूपमा सम्बोधन गर्ने जानकारी दिनुभयो। उहाँले राष्ट्रपतिको अभिभाषणपछि आर्थिक सर्वेक्षण पेश गरिने बताउनुभयो। श्री रिजिजुले आउँदो शनिबार केन्द्रीय बजेट पेश गरिने जानकारी दिँदै अधिवेशनका क्रममा राष्ट्रपतिको अभिभाषण र बजेटमाथि विस्तृत छलफल गरिने बताउनुभयो। संसदमा बजेट छलफल 13 फेब्रुअरीसम्म चल्नेछ। उहाँको अनुसार अधिवेशनका लागि संसदमा हालसम्म 16 वटा विधेयक र 19 कार्यसूची सूचीबद्ध छन्। **byte……**

**गृहमन्त्रीद्वारा गुजरातमा नयाँ आपराधिक कानुन कार्यान्वयनबारे समीक्षा बैठक**

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा, गुजरातमा तीन नयाँ आपराधिक कानुनहरूको कार्यान्वयनसम्बन्धी समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलसहित उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो। बैठकमा, गुजरातमा पुलिस , जेल, अदालत, अभियोजन र फरेन्सिकसम्बन्धी नयाँ प्रावधानहरूको कार्यान्वयन र हालको अवस्थाको समीक्षा गरियो। गृहमन्त्री शाहले बैठकमा भन्नुयो कि नयाँ कानुनहरू अन्तर्गत प्राथमिकी दर्ता भएपछि तीन वर्षभित्र न्याय दिलाउने प्रावधान गरिएको छ। साथै, उहाले गुजरात सरकारलाई 30 अप्रिल 2025 भित्र सबै पुलिस आयुक्त कार्यालयहरू र अन्य सम्बन्धित निकायहरूमा नयाँ आपराधिक कानुनहरू लागू सुनिश्चित गर्न निर्देशन दिनुभयो। गृहमन्त्री शाहले आपराधिक कानुनहरूको नियमित समीक्षा आवश्यक रहेको उल्लेख गर्दै भन्नुभयो कि यसबारे प्रत्येक महिना मुख्यमन्त्री स्तरमा, प्रत्येक 15 दिनमा राज्यका गृहमन्त्री स्तरमा र प्रत्येक सातामा मुख्य सचिव, गृह सचिव तथा पुलिस महानिरीक्षक स्तरमा समीक्षा हुनुपर्छ। त्यसैगरी, गृहमन्त्री शाहले राज्यका गृह तथा स्वास्थ्य विभागलाई अस्पतालहरूले पोस्टमार्टम तथा अन्य मेडिकल रिपोर्टहरू इलेक्ट्रोनिक रूपमा जारी गर्ने व्यवस्था गर्न निर्देशन दिनुभयो।

**नयाँ दिल्लीमा दुई दिने श्रम मन्त्री बैठक सम्पन्न, श्रमिक सुरक्षामा व्यापक सुधारको तयारी**

राज्यहरू र केन्द्रशासित प्रदेशहरूका श्रम मन्त्रीहरू तथा सचिवहरूको राष्ट्रिय स्तरको दुई दिने बैठक आज नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकको अध्यक्षता श्रम तथा रोजगार मन्त्री डा. मनसुख माण्डवियाले गर्नुभयो। डा. माण्डवियाले आफ्नो मन्त्रालयले, संगठित र असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरूको कल्याणका लागि राज्य सरकारहरूसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाले विशेष रूपमा आवास तथा निर्माण क्षेत्रमा कार्यरत श्रमिकहरूका साथै गिग र प्लेटफर्म श्रमिकहरूको कल्याणलाई सरकारको उच्च प्राथमिकता रहेको बताउनुभएको छ।

बैठकमा पेन्सन, स्वास्थ्य सेवा, जीवन तथा दुर्घटना बीमा लगायत विभिन्न विषयमा गहन छलफल गरियो। बैठकको क्रममा दस मुख्य विषयमा विस्तृत रूपमा विचार-विमर्श भयो। मार्च 2025 देखि श्रमिकहरूका लागि व्यापक सामाजिक सुरक्षा कवरेज सुनिश्चित गर्न दिगो मोडेल विकास गर्न तथा छलफल गर्नका लागि तीनवटा समिति गठन गरिएको छ। प्रत्येक समितिमा पाँच-पाँचवटा राज्यहरू समावेश गरिएका छन्।

**राष्ट्रद्वारा महात्मा गान्धीको 77औं पुण्यतिथि तथा शहीद दिवसमा श्रद्धाञ्जली**

आज राष्ट्रले महात्मा गान्धीको 77 औं पुण्यतिथि तथा शहीद दिवसका अवसरमा श्रद्धाञ्जली अर्पण गरेको छ। यस अवसरमा आज बिहान नयाँ दिल्लीस्थित गान्धी समाधि राजघाटमा सर्वधर्म प्रार्थनाको आयोजना गरिएको थियो। राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड, प्रधानमन्त्री नरेन्द्र मोदी तथा विपक्षी नेता राहुल गान्धीले गान्धी समाधिमा पुष्पार्पण गर्दै श्रद्धाञ्जली अर्पण गरे। प्रत्येक वर्ष जनवरी 30

तारिखका दिन राष्ट्रले महात्मा गान्धीको जीवनी र उनको विरासतलाई भारतको स्वतन्त्रता सङ्ग्रामका मार्गदर्शकको रूपमा सम्झन्छ। यस दिनलाई भारतमा शहीद दिवसका रूपमा पनि मनाइन्छ।

**पद्मश्री पुरस्कारले यसपालि सिक्किमबाट**

देशको चौथो सर्वोच्य नागरिक सम्मान पद्मश्री पुरस्कारले यसपालि सिक्किमबाट प्रसिध्द लोक गायक तथा सङ्गीतकार श्री नरेन गुरूङलाई सम्मानित गरिने भएको छ। यसै महीना पच्चीस तारीकका दिन पद्म पुरस्कारहरूको घोषणा गरिएको हो। लोकसंगीतको संरक्षण, नवोदित कलाकारहरूलाई मार्गदर्शन र वैश्विक स्तरमा संस्कृति तथा परम्मपराको प्रदर्शन गर्न सक्षम श्री गुरूङलाई लोकसंगीतको क्षेत्रमा उल्लेशनीय योगदानका लागि यो प्रतिष्ठित पुरस्कारद्वारा अलंकृत गरिने भएको हो।

**नयाँ दिल्ली विश्व पुस्तक मेला 2025 फेब्रुअरी 1 देखि भारत मण्डपममा सुरु हुँदै**

नयाँ दिल्ली विश्व पुस्तक मेला 2025 आगामी फेब्रुअरी 1 देखि भारत मण्डपममा सुरु हुँदैछ। यस वर्ष मेलाको मुख्य विषय 'हम भारत के लोग' रहनेछ। नौ दिने यो मेलाको उद्घाटन भारतको राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुहुने छ। आकाशवाणी समाचारसँगको कुराकानीमा राष्ट्रिय पुस्तक न्यासका निर्देशक युवराज मलिकले बताएअनुसार यस वर्ष मेलाको मुख्य साझेदार देश रूस हुनेछ। साथै, फ्रान्स, अर्जेन्टिना, स्पेन, कोलम्बिया, संयुक्त अरब इमिरेट्स र कतारसहित 50 भन्दा बढी देश सहभागी हुनेछन्।

**दिल्ली विधानसभा चुनाव प्रचार तीव्र, प्रमुख नेताहरू आ-आफ्ना उम्मेदवारको पक्षमा सभा र ऱ्याली गर्दै**

दिल्लीमा आउँदो 5 फेब्रुअरीमा हुने विधानसभा चुनावको तयारी तीव्र बनेको छ। प्रमुख राजनीतिक दलहरू भारतीय जनता पार्टी (भाजपा), आम आदमी पार्टी (आप) र कांग्रेसका नेताहरू आ-आफ्ना उम्मेदवारलाई जिताउन प्रचार अभियानमा जुटेका छन्। भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले रोहिणी, वजीरपुर, शालीमार बाग र नयाँ दिल्ली विधानसभा क्षेत्रमा जनसभाहरूलाई सम्बोधन गर्नुहुनेछ। यसरी नै रक्षामन्त्री श्री राजनाथ सिंहले दिल्ली छावनी र विश्वास नगर निर्वाचन क्षेत्रमा सभा गर्ने कार्यक्रम छ। भाजपा अध्यक्ष श्री जेपी नड्डाले कृष्णा नगरस्थित छाछी बिल्डिंग चौकमा सभालाई सम्बोधन गर्नुहुनेछ। त्यसैगरी, आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवाल र समाजवादी पार्टीका सांसद श्री अखिलेश यादवले किरारीमा रोड शो र मुंडकामा जनसभा गर्ने बताइएको छ। कांग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धी बादली विधानसभा क्षेत्रमा जनसभा गर्दै पार्टीको चुनावी अभियानलाई नेतृत्व दिने बताइएको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **संसदको बजेट अधिवेशन भोलिदेखि सुरु, आज सर्वदलीय बैठक सम्पन्न**
- **गृहमन्त्रीद्वारा गुजरातमा नयाँ आपराधिक कानुन कार्यान्वयनबारे समीक्षा बैठक**
- **नयाँ दिल्लीमा दुई दिने श्रम मन्त्री बैठक सम्पन्न, श्रमिक सुरक्षामा व्यापक सुधारको तयारी**
- **नयाँ दिल्ली विश्व पुस्तक मेला 2025 फेब्रुअरी 1 देखि सुरु हुँदै**
- **दिल्ली विधानसभा चुनाव प्रचार तीव्र, प्रमुख नेताहरू आ-आफ्ना उम्मेदवारको पक्षमा सभा र ऱ्याली गर्दै**